## बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

## मानव अधिकार मञ्च नेपाल, इलामद्धारा उत्पादित रेडियो कार्यक्रम

# शान्तिका लागि हाम्रो अभियान

**कार्यक्रममा बजाइने सामाग्रीहरू**
- गतिविधिहरु
- रेडियो रिपोर्ट
- अर्न्तवार्ता
- रेडियो नाटक लगायत


कार्यक्रम प्रस्तोताहरु : मनकुमार बराइली र सुम्निमा राना

| | | | |
|---|---|---|---|
| इलाम एफ.एम., इलाम<br>सोमबार<br>बेलुकी ६:३० बजे | रेडियो नेपालवाणी, इलाम<br>आइतवार<br>बेलुकी ६:३० बजे | ताप्लेजुङ्ग एफ.एम., ताप्लेजुङ्ग<br>बिहीबार<br>बिहान ७:३० बजे | सिंहलिला एफ.एम., पाँचथर<br>शुक्रबार<br>बिहान ७:३० बजे |
| ग्लोबल एफ.एम., झापा<br>बुधबार<br>बेलुकी ६:३० बजे | रेडियो मेन्छायम, तेहथुम<br>शनिबार<br>बेलुकी ५:४५ बजे | रेडियो मकालु, धनकुटा<br>मंगलबार<br>बेलुकी ५:३० बजे | खाँदबारी एफ. एम., संखुवासभा<br>आइतबार<br>बेलुकी ७:०० बजे |

## बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत


## मानव अधिकार मञ्च नेपाल, इलामद्धारा प्रकाशित बुलेटिन

# बाल आवाज

बर्ष - १ अंक - १ अगष्ट-डिसेम्बर, २०१४



## शान्ति शिक्षाको अवधारणा




अर्न्तवार्ता:
**मोहनसिंह थेवे**
अध्यक्ष, मानव अधिकार मञ्च



## बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना संचालनका लागि जिल्ला स्तरमा समन्वय गरिएका संस्थाहरु

ताप्लेजुङ : वातावरण संरक्षण तथा विकास मञ्च

पाँचथर : मानवअधिकार चेतना र विकास मञ्च

झापा : महिला जनचेतना केन्द्र

तेह्रथुम : देउराली सोसाईटी

धनकुटा : सामुदायिक विकास केन्द्र

संखुवासभा : समाज स्पर्श समिति

# बाल अधिकारका ४ पक्षहरु

### बाल बचावट

जन्मेपछि परिचय, गास, बास, कपास, स्वच्छ पिउने पानी, आधारभूत स्वस्थ्योपचार लगायत ।

### बाल संरक्षण

हेला, उत्पीडन, शोषण, दुर्व्यवहार, हानिकार काम, युद्धमा लगाउने कुराबाट सुरक्षित हुने । अनाथ, अपाङ्ग बालबालिकाका विशेष संरक्षण लगायत ।




### बाल विकास

स्वच्छ वातावरणमा शिक्षा, मनोरञ्जन, खेल, रचनात्मक कार्य, विना भेदभाव सहयोग पाउने, जानकारी राख्ने लगायतका स्व-विकासका अधिकारहरु ।

### बाल सहभागिता

आफ्ना कुरा सम्बन्धित ठाउँमा राख्न, बाल हकहित र विकासका लागि कार्य क्रममा भाग लिन, बाल संगठनहरु खोल्न र संगठित हुन पाउनु लगायत ।



आवरण :

## शान्ति शिक्षाको अवधारणा

योगराज सापकोटा

पृष्ठ १०-१४



अर्न्तवार्ता :

## 'बालबालिका भविष्यका कर्णधार'

मोहनसिंह थेवे पृष्ठ ३-५

### यस भित्रका अन्य सामाग्रीहरु :


- मानव अधिकार मञ्चको संक्षिप्त परिचय पृष्ठ ६
- बालअधिकार तथा शान्ति शिक्षाका लागि अभियान परियोजना पृष्ठ ७-९
- परियोजना संचालन बारेको संक्षिप्त जानकारी पृष्ठ १६-१७
- परियोजना अर्न्तगतका गतिविधिहरु पृष्ठ १८-२०
- विभिन्न साहित्यिक रचनाहरु



बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना अर्न्तगत

**मानवअधिकार मञ्च नेपाल, इलामद्वारा प्रकाशित बुलेटिन**

afn cfjfh

बर्ष - १ अंक - १ अगष्ट-डिसेम्बर, २०१४

**प्रकाशक**

मानव अधिकार मञ्च नेपाल, इलाम

**सहयोग**

Kinder MISSIONSWERK DIE STERNSINGER

**प्रधान-सम्पादक:** नवराज शंकर (९८५२६८१८५०)

**कार्यकारी सम्पादक:** ठाकुर श्रेष्ठ (९८५२६८०१०८)

**सम्पादन सहयोगीहरु:** रुद्र थेवे (इलाम), चन्द्र कालिकोटे (ताप्लेजुङ्ग), मणीकुमार लिम्बु (झापा), अर्पण मगर (पाँचथर), सावित्रा राई (धनकुटा), विन्दादेवी उप्रेती (तेह्रथुम), कालीबहादुर लिम्बु (संखुवासभा), मनकुमार बराइली (इलाम)

**कम्प्यूटर डिजाइन:** भक्त थामी (९८४२६३५८०५)

**मुद्रक:** आर. एस. पेपर प्रोडक्स, काठमाण्डौं

# सम्पादकीय

बालअधिकार बालबालिकाहरुको जन्मसिद्ध अधिकार हो। जसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले प्रत्याभूत गरेको छ। नेपालको कानून अनुसार १६ बर्ष उमेर मुनिका र अन्तर्राष्ट्रिय कानून अनुसार १८ बर्ष उमेर मुनिका सबैलाई बालबालिका भनेर परिभाषित गरिएको छ। उनीहरुका अधिकारहरुलाई बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिता गरी चार पक्षमा संगठित गरिएको छ। जसले बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउँदछ।

नेपालको कानून अनुसार १६ बर्ष उमेर मुनिका र अन्तर्राष्ट्रिय कानून अनुसार १८ बर्ष उमेर मुनिका सबैलाई बालबालिका भनेर परिभाषित गरिएको छ । उनीहरुका अधिकारहरुलाई बाल बचावट, बाल संरक्षण, बाल विकास र बाल सहभागिता गरी चार पक्षमा संगठित गरिएको छ ।

मानव अधिकार मञ्च (HURF) नेपाल, इलाम आफ्नो स्थापना कालदेखि नै बालअधिकारको क्षेत्रमा क्रियाशील संस्था हो। बालअधिकार मानवअधिकारको अभिन्न पक्ष हो भन्ने करालाई आत्मसाथ गर्दै हामीले यसबीचमा इलाम जिल्लाका केही विद्यालयबाट शुरु गरेको बालअधिकार सम्बन्धी अभियानमुखि कार्यक्रमहरु अहिले पूर्वाञ्चलका ७ जिल्लामा सञ्चालन भईरहेको छ।

यसै सन्दर्भमा हाल किन्डरमिसनरेक, जर्मनीको सहयोगमा "बालअधिकार तथा शान्ति शिक्षाका लागि अभियान परियोजना" इलाम, ताप्लेजुङ्, पाँचथर, झापा, तेह्रथुम, धनकुटा र संखुवासभा जिल्लाका विभिन्न विद्यालय तथा गाविसहरुमा सञ्चालित छ। सोही परियोजना अन्तर्गत हामीले यो चौमासिक बुलेटिन प्रकाशन गरेका छौं। यस बुलेटिनले बालअधिकार सम्बन्धी सूचना तथा सन्देशहरु प्रवाह गर्न र बालबालिकामा रहेको क्षमतालाई प्रस्फुटित गर्नका लागि सघाऊ पुग्नेछ भन्ने हाम्रो अपेक्षा रहेको छ।

हामी तपाईंहरुबाट यस बुलेटिनको अध्ययन पश्चात् यस सम्बन्धी रचनात्मक सल्लाह, सुझाव एवम् प्रतिक्रियाको अपेक्षा गर्दछौं। जसले बुलेटिनको आगामी अंकहरुलाई अझ राम्रो बनाउनका लागि हामीलाई मार्गनिर्देश गर्नेछ।

# 'बालबालिकाको भविष्यले मुलुकको भविष्य निर्धारण गर्दछ'

**मानव अधिकार मञ्च नेपाल, इलाम कस्तो प्रकारको संस्था हो ?**

मानव अधिकार मञ्च (Human Rights Forum Nepal, Ilam) नेपाल, इलाम एक मानव अधिकारवादी संस्था हो । वि.सं. २०५५ सालमा स्थापना भएको इलाम जिल्लाको पहिलो अधिकारवादी संस्था समेत हो । मानव अधिकार, महिला अधिकार, बाल अधिकार, समावेशीकरण र जातिय विभेदविरुद्धको अधिकार, आदिवासि जनजातिको अधिकार, सुशासन, सामाजिक परिचालनसहित लोकतन्त्रको आधारभूत मूल्य र मान्यताहरुको संरक्षण तथा सम्बर्द्धन गर्न बहस, पैरवी/वकालत गर्ने अभियान उन्मुख संस्था नै मानव अधिकार मञ्च (HURF) नेपाल, इलाम हो ।

**संस्थाले कस्ता किसिमका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ?**

मानव अधिकारवादी संस्था हुनुको नाताले हाम्रो काम हो र आवश्यकतानुसार नियमित हुन्छ नै । यसैअन्तर्गत संस्थाले मानव अधिकारको हनन्, उल्लंघन एवम् ज्यादतीको घटनाहरुको अभिलेखिकरण र सार्वजनिकीकरणको क्षेत्रमा काम गर्दछ । मानव अधिकार तथा मेलमिलाप, बाल अधिकार तथा शान्ति शिक्षा, सामाजिक परिचालन, सकारात्मक विभेद, घरेलु हिंसाविरुद्धको अभियान, समावेशिकरण तथा जातीय विभेदविरुद्ध संस्थाले विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । यसका अतिरिक्त द्वन्द्व रुपान्तरण,



**मोहनसिंह थेवे, अध्यक्ष**
मानवअधिकार मञ्च नेपाल, इलाम

मनोसामाजिक मनोविमर्श तथा Do No Harm मा दक्ष जनशक्तिको व्यवस्थापन तथा परिचालन संस्थाले गर्दै आएको छ ।

**मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरु धेरै छन् । विभिन्न क्रियाकलापहरु पनि भएका छन् तरपनि जातीय, क्षेत्रीय, लैंगित, सामाजिक-सांस्कृतिक, भाषिक, धार्मिक लगायतका विभेद त विद्यमान छ । किन होला ?**

नेपाली समाज विविधतायुक्त छ

> मानव अधिकार, महिला अधिकार, बाल अधिकार, समावेशीकरण र जातीय विभेदविरुद्धको अधिकार, आदिवासि जनजातिको अधिकार, सुशासन, सामाजिक परिचालनसहित लोकतन्त्रको आधारभूत मूल्य र मान्यताहरुको संरक्षण तथा सम्बर्द्धन गर्न बहस, पैरवी/वकालत गर्ने अभियान उन्मुख संस्था नै मानव अधिकार मञ्च (HURF) नेपाल, इलाम हो

भन्नेमा हामी सबै जानकार नै छौं । यहाँभित्र विभिन्न किसिमका अन्तरविरोधहरु विद्यमान छन् । मानवअधिकार आफैंमा बृहत् बिषयबस्तु हो । मानवअधिकारको कामको क्षेत्रहरुमध्ये प्रश्नमा उल्लेख भएका सवालहरु पनि महत्वपूर्ण हुन् । यस सन्दर्भमा अधिकारको क्षेत्रमा काम गर्नका लागि विभिन्न संस्थाहरु त छन् नै तरपनि जादुको छडिजस्तो समाजमा विद्यमान विभेद र असमानताको अन्त्य हुन्न यसका लागि अभियानमुखि क्रियाकलापहरु अपरिहार्य रहन्छ । मानवअधिकार मञ्च यसतर्फ केन्द्रीत छ र यस्तै प्रकृतिको काम गर्ने संस्थाहरु पनि क्रियाशिल रहेका छन् ।

**संस्थाद्वारा पूर्वाञ्चलका ७ जिल्लामा बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रम सञ्चालनमा छ, यसको प्रभाव कस्तो पाउनुभएको छ ?**

अधिकारको क्षेत्रमा काम गर्नका लागि विभिन्न संस्थाहरु त छन् नै तरपनि जादुको छडिजस्तो समाजमा विद्यमान विभेद र असमानताको अन्त्य हुन्न यसका लागि अभियानमुखि क्रियाकलापहरु अपरिहार्य रहन्छ। मानवअधिकार मञ्च यसतर्फ केन्द्रीत छ र यस्तै प्रकृतिको काम गर्ने संस्थाहरु पनि क्रियाशिल रहेका छन्

हजुर । किन्डरमिसनरेक जर्मनीको सहयोगमा यो परियोजना हामीले विगत बर्षदेखि इलाम, झापा, पाँचथर, ताप्लेजुङ्ग, संखुवासभा, तेह्रथुम र धनकुटा जिल्लामा सञ्चालन गरिरहेका छौं । इलाम बाहेकका सबै जिल्लाहरुमा त्यहाँस्थित स्थानीय संस्थाहरुसँग समन्वय गरेर परियोजना सञ्चालन गरिएको छ । रह्यो कुरा प्रभावको; बालबालिकाहरु भोली राष्ट्र निर्माणका सम्बाहकहरु हुन् । उनीहरु काँचो माटो जस्तै हुन् । जसरी काँचो माटोलाई कुमालेले आकार दिएर सामानहरु बनाउँछ, त्यसरी नै बाल्यावस्थामा नानीहरुलाई सही मार्गमा अघि बढाउन/बढ्न उत्प्रेरित गर्न सक्यौं भने त्यो परिवारको मात्र नभएर



समाज अनि राष्ट्रकै सम्पत्ति बन्न सक्छ । यसमा बिशेषत : राज्यले हेक्का राख्नुपर्दछ र हामी सामाजिक संघ, संस्थाहरुले सहयोगी भूमिका खेल्ने हो । यसैलाई मध्यनजर गर्दै विभिन्न रचनात्मक एवम् सिर्जनात्मक क्रियाकलापहरुको माध्यमबाट बालबालिकाहरुको सर्वाङ्गिण विकासमा योगदान पुगेको छ । सरोकारवालाहरुलाई बालबालिकाको मुद्दामा संवेदनशील बनाउने काम भएको छ । अर्को महत्वपूर्ण कुरा बालबालिकाहरुको नाममा विनियोजन हुने स्रोत, साधनमा उनीहरुको पहुँच स्थापित हुन सकेको छ ।

## बालबालिकाको सवालहरुमा राज्यको ध्यान कतिको गएको पाउनुहुन्छ ?

यो चाहीं आलोचना भन्दापनि विवेचनाको पाटो हो । आजसम्म आईपुग्दा राज्यले नीतिगत रुपमा होस् या संरचनागत रुपमा होस् महत्वपूर्ण ढंगले नै सम्बोधन गरेको छ भन्ने हो । तर नीगितको प्रभावकारी कार्यान्वयन र संरचनाहरुको प्रभावकारी सञ्चालनमा थुप्रै कमजोरीहरु छन् । यदि भएका नीति नियमहरुको प्रभावकारी कार्यान्वयन हुने र बनेका संरचनाहरुको प्रभावकारी सञ्चालन हुने हो भने यसले बालबालिकाका सवालहरुलाई सही रुपमा सम्बोधन गर्नका लागि सघाऊ पुग्नेछ ।

## अन्त्यमा, बालबालिकाहरुको सन्दर्भमा के भन्न चाहानुहुन्छ ?

बालबालिकाहरुको भविष्य भनेको मुलुककै भविष्यसँग जोडिएको हुने भएकाले उनीहरुका इच्छा, चाहना र भावनाहरुलाई सम्मान एवम् सम्बोधन गर्नु हामी सबैको दायित्व हो । यसै कुरालाई ध्यानमा राखेर मानव अधिकार मञ्च नेपालले परियोजनामार्फत् विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेको छ । सरोकारवाला हामी सबैले बालमैत्री व्यवहारको अवलम्बन गर्दै उनीहरुको सर्वाङ्गिण विकासमा ध्यान दिन जरुरी छ ।

# बालबालिकाहरूका लागि लगानी किन ?

"If you want 1 year of prosperity, grow grain. If you want 10 years of prosperity, grow trees. If you want 100 years of prosperity, grow people"

- Chinese proverb

बालबालिकाहरुमा किन लगानी गर्ने भन्ने सम्बन्धमा सन् २००२ मा संयुक्त राष्ट्रसंघको बिशेष सत्रमा सुश्री ग्याब्रेली बोलिभियाले बताएअनुसार- “हामी समस्याका स्रोतहरु होइनौं, हामी समस्या समाधानका लागि चाहिने स्रोत हौं, हामी खर्च होइनौं, हामी लगानी हौं ।” (We are not the source of the problem, we are the resources needed to solve problem, we are not expenses, we are investment)

बालबालिकाको सर्वाङ्गिण विकासमा लगानी गर्ने कुरालाई मुख्य तीन तर्कबाट हेरिनुपर्दछ । पहिलो हो अधिकारको तर्कः जो उनीहरुको नैसर्गिक अधिकार हो । जसलाई अन्तर्राष्ट्रिय रुपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, बालअधिकार सम्बन्धी महासन्धी लगायतमा व्यवस्था गरिएको छ भने राष्ट्रिय रुपमा समय, समयमा विभिन्न कानूनहरु बनाएर सम्बोधन गरिएको छ । दोस्रो हो सामाजिक, राजनीतिक तर्कः बालबालिका भोलीका भविष्य हुन् । सामाजिक सद्भाव, सौहार्दता एवम् भावि नेतृत्व उनीहरुकै काँधमा रहेको हुन्छ । प्रजातान्त्रिक शासन व्यवस्थाको अभ्यास र सामाजिक स्थिरताको हिसाबले समेत हेरिनुपर्दछ । तेस्रो हो आर्थिक तर्कः बालबालिकाहरु पनि मानवीय पुँजीका समान हिस्सा हुन् । त्यसैले परिवार, समाज, राष्ट्र जे भनेपनि त्यहाँको आर्थिक समृद्धि र विकास मानव संसाधनमा नै निर्भर रहेको हुन्छ । जसले मुलुकमा रहेको गरिबीको कचक्र तोड्नलाई मद्दत गर्दछ । यसर्थ बालबालिका तथा किशोर-किशोरीहरुको संरक्षणको लागि काम गरेमा लगानीको धेरै गुणा बढी साकाजिक तथा आर्थिक प्रतिफल प्राप्त गर्न सकिन्छ ।

# मानव अधिकार मञ्च नेपाल, इलामको संक्षिप्त परिचय

मानव अधिकार मञ्च नेपाल (Human Rights Forum-HURF, Nepal), इलाम वि.सं. २०५५ (सन् १९९८) सालमा स्थापना भएको गैरसरकारी संस्था हो । संस्थाले आफ्नो स्थापना कालदेखि नै Right Based Approach मा क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ ।

सभ्य र समुन्नत समाज संस्थाको परिकल्पना हो । संस्थाको ध्येय मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै दिगो शान्ति र न्यायको लागि क्रियाशील रहने भन्ने रहेको छ । मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै हिंसामुक्त र विभेदरहित संस्कृतिको विकास गर्नु संस्थाको मुख्य उद्देश्यहरु रहेका छन् । संस्थाको कामका मुख्य क्षेत्रहरु मानवअधिकार र अधिकार, लैङ्गिक तथा सामाजिक समावेशीकरण, द्वन्द्व, शान्ति र न्याय, लोकतन्त्र र सुशासन र खोज, अध्ययन र प्रकाशन रहेको छ ।

संस्थाको उद्देश्यहरु हासिल गर्नका लागि संस्थाले मानवअधिकारको अनुगमन तथा अभिलेखिकरण गर्दै मानवअधिकार, बालअधिकार, महिलाअधिकार, घरेलु हिंसा, जातीय विभेद विरुद्ध साथै सामाजिक परिचालन लगायतका सवालहरुमा कार्यक्रमहरु गर्दै आएको छ । सामुदायिक मेलमिलापको माध्यमबाट शान्ति स्थापना प्रक्रियामा सहयोग पुऱ्याउनका लागि संस्थाले द्वन्द्व रुपारन्तरण सम्वन्धी काम गरिरहेको अवस्था छ । साथै संस्थाले मेलमिलाप, कानुनी, मनोसामाजिक मनोविमर्श तथा वकालत सेवा एवम् समस्यामा परेका महिला तथा बालबालिकाहरुको लागि आकस्मिक वासस्थान सेवा समेत उपलब्ध गराउँदै आएको छ । कचहरी नाटकको माध्यमबाट समुदाय सचेतीकरणको कार्यक्रम सञ्चालित छ । संस्थाको मुख्य लक्षित समूहहरु सीमान्तकृत समुदाय (जस्तैः महिला, दलित, बालबालिका, आदिवासि( जनजाति, अपाङ्ग, अल्पसंख्यक, जेष्ठ नागरिक र अन्य विपन्न वर्गका नागरिकहरु रहेका छन् ।

## गीत

बस है आमा भाइ बहिनि घर गाउँ म गए प्रदेश
लौ है साथी हो म गएँ प्रदेश
नौलो गाउँ, नौलो शहर नौलो छ संसार,
हुन्छ कि हुन्न जागीर आमा संसार चलाउन
भाविको खेल,कर्मले लेखेको मनमा बिश्वास राख,
छोडेर जादैछौ छ, आर्शिवाद, ए दाजु तिमिलाइ
भाइ टिका लगाको,
बस है आमा भाइ
बहिनि.................................
लगानि लगाइ पसिना बगाई धन कमाइ ल्याउला
दुःख र पिडा बिर्सेर आमा बसेर खाउला
दसैं र तिहार पर्दामा छोरा घर सम्झि आउनु,
दशैंको टिका निधारमा थाप्न घर सम्झि आउनु ।
म पर्खि बस्नेछु,
ए दाजु तिमिलाइ भाइटिका लगाउन,
बस है आमा भाइ र बहिनि घर गाउँ म गए प्रदेश
लौ है  साथी हो म गएँ प्रदेश ।

जमुना बानियाँ
श्री सिंहबाहिनि उमाबि म्याङ्लुङ्ग, तेह्रथुम

# बालअधिकार तथा शान्ति शिक्षाका लागि अभियान परियोजना

**परियोजना सम्बन्धि संक्षिप्त जानकारी :**

परियोजनाको नाम: बालअधिकार तथा शान्ति शिक्षाका लागि अभियान

अवधि: सन् २०१४ अगष्टदेखि २०१५ जुलाईसम्म

क्षेत्र: मेची अञ्चलका ४ वटै जिल्लाहरु तथा कोशीका तेह्रथुम, धनकुटा र संखुवासभा

(इलाम जिल्लाको २०, झापा, पाँचथर र ताप्लेजुङ्गको १०-१० एवम् तेह्रथुम, धनकुटा र संखुवासभाको ५-५ गाविस तथा विद्यालयहरु)

साझेदार संस्था: किन्नरमिसनरेक, जर्मनी

पहिलो चरणमा अघिल्लो बर्ष (सन् २०१३ जुनदेखि २०१४ मेंसम्म) किन्नरमिसनरेक जर्मनीकै सहयोगमा मेची अञ्चलका २५ गाविस तथा विद्यालयहरु (इलाम जिल्लाका १० तथा पाँचथर, झापा र ताप्लेजुङ्गका ५-५) मा परियोजना सञ्चालित थियो । पहिलो चरणको परियोजनाअन्गार्तत इलाम बाहेक ३ वटै जिल्लाहरुमा फिल्ड कार्यालय स्थापना गरी ताप्लेजुङ्गमा वातावरण संरक्षण तथा विकास मञ्च (ECDF) र पाँचथरमा मानवअधिकार चेतना र विकास मञ्च (HUCODEC) सँग स्थानीय समन्वय संस्थाको रुपमा काम गरिएको थियो ।

यस बर्ष ताप्लेजुङ्गमा वातावरण संरक्षण तथा विकास मञ्च, पाँचथरमा मानवअधिकार चेतना र विकास मञ्च, झापामा महिला जनचेतना केन्द्र, तेह्रथुममा देउराली सोसाईटी, धनकुटामा सामुदायिक विकास केन्द्र र संखुवासभामा समाज स्पर्श समितिसँग समन्वय संस्थाको रुपमा सहकार्य गरी क्रियाकलापहरु सञ्चालन भइरहेका छन् ।

परियोजनाका उद्देश्यहरु :

- बालअधिकार हनन्मा परेका बालबालिकाहरुको समस्या समाधानमा सहयोग पुर्‍याउने ।
- बालबालिकाहरुलाई शारिरीक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासमा सहयोग पुर्‍याउने ।
- स्थानीय निकाय र सरोकारवालाहरुलाई बालअधिकारको पक्षमा काम गर्न उत्प्रेरित गर्ने ।
- विद्यालय शान्ति क्षेत्र बनाउनका लागि आवश्यक सहयोग गर्ने ।

परियोजना अर्न्तगतका क्रियाकलापहरु :

परियोजनाअन्तर्गत अघिल्लो बर्षमा कार्यालय व्यवस्थापन तथा कर्मचारी सशक्तिकरण, बालक्लबहरुको गठन/पुनर्गठन तथा संरक्षक शिक्षकहरुको व्यवस्था, बालक्लबका पदाधिकारी तथा सदस्यहरुलाई ४ दिने तालिम, गाविस तथा नगरस्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिको गठन/पुनर्गठन, संरक्षक शिक्षकलाई तालिम, बालसंरक्षण तथा सम्बर्द्धन उपसमितिलाई तालिम, बन्दमुक्त विद्यालय, विद्यालय शान्ति क्षेत्र र शान्ति शिक्षासम्बन्धी सचेतना, गाविसस्तरीय सरोकारवालाहरुबीच बालमैत्री विकास र विद्यालय शान्ति क्षेत्रको प्रवर्द्धनको प्रतिवद्धताका लागि कार्यशाला, सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, सार्वजनीक सुनुवाई, बालक्लबमार्फत् अतिरिक्त क्रियाकलापहरु सम्पन्न भए ।

चालु परियोजनाअन्तर्गत सञ्चालन भएका/हुने क्रियाकलापहरु बुँदागत रुपमा यसप्रकार रहेका छन् :

१. कार्यालय व्यवस्थापन तथा कर्मचारीहरुको नियुक्त र अभिमुखिकरण ।

२. सरोकारवालाहरुसँग जिल्लास्तरीय एक दिने अन्तरक्रिया कार्यक्रम ।

३. विद्यालयहरुमा बालक्लबको गठन/पुनर्गठन तथा संरक्षक शिक्षकहरुको व्यवस्था ।

४. बालक्लबका पदाधिकारी तथा सदस्यहरुलाई ४ दिने तालिम । (अघिल्लो बर्ष कार्यक्रम शुरु भएका बालक्लबका पदाधिकारी तथा सदस्यहरुलाई पुनर्ताजगी तालिम)

५. संरक्षक शिक्षकहरुलाई २ दिने तालिम । (अघिल्लो

बर्ष कार्यक्रम शुरु भएका बालक्लबका संरक्षक शिक्षकहरुलाई पुनर्ताजगी तालिम)

६. गाविस तथा नगरस्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिको गठन/पुनर्गठन ।

७. गाविस तथा नगरस्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिलाई ३ दिने तालिम ।

८. बालअधिकार, बन्दमुक्त विद्यालय, विद्यालय शान्ति क्षेत्र र शान्ति शिक्षा आजको आवश्यकता लगायतका बिषयहरुमा विभिन्न सामाग्रीहरुको माध्यमबाट सचेतना अभिबृद्धि गर्ने ।

९. गाविस तथा नगरस्तरीय सरोकारावालाहरुसँग बालमेत्री विकास र विद्यालय शान्ति क्षेत्रको प्रवर्द्धनको प्रतिबद्धताका लागि कार्यशाला ।

१०. गाविस तथा नगरस्तरीय सरोकारवालाहरुसँग बालअधिकार संरक्षण तथा सम्बर्द्धन लगायतका बिषयमा नियमित (चौमासिक) रुपमा अन्तरक्रिया, छलफल कार्यक्रम ।

११. सार्वजनीक सुनुवाई: बालअधिकारका बिषयमा भए, गरेका प्रगति र प्रतिबद्धताका लागि गाविस तथा नगरस्तरीय सार्वजनीक सुनुवाई कार्यक्रम ।

१२. रेडियो कार्यक्रम "शान्तिका लागि हाम्रो अभियान" उत्पादन तथा प्रशारण ।

१३. विद्यालयमा पुस्तकालय स्थापनामा सहयोग ।

१४. बाल भित्तेपत्रिका नियमित प्रकाशनका लागि तालिम ।

१५. कार्यक्रम सञ्चालन भएका जिल्लाका सञ्चारकर्मीहरुमध्ये बालबालिकाको क्षेत्रमा महत्वपूर्ण योगदान गर्नेहरुबाट छनौट गरी फेलोसिपको व्यवस्था ।

१६. Toll-Free Services को व्यवस्था ।

१७. अतिरिक्त क्रियाकलापहरुमार्फत् शान्ति शिक्षा: बालक्लबहरुमार्फत् परियोजना सञ्चालन भएका सबै विद्यालयहरुमा त्रैमासिक रुपमा अतिरिक्त क्रियाकलापहरुको सञ्चालन र अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नका लागि संस्थागत सहयोगको व्यवस्था ।

संक्षिप्त बजेट विवरण :

कुल बजेट:
रु. १,६६,९८,१५२.५०।-

साझेदार संस्था:
रु. १,५२,७२,३२७.५०।-

संस्था तथा स्थानीय सहयोग:
रु. १४,२५,८२५।-

शिर्षकअनुसार बजेटको विवरण:

कर्मचारी, कार्यालय तथा समग्र व्यवस्थापन खर्च:
रु. ४०,१५,०००।-

क्रियाकलाप खर्च:
रु. १,२३,३३,१५२.५०।-

अनुगमन तथा मूल्याङ्कन:
रु. ३,५०,०००।-

कर्मचारी व्यवस्थापन :

कार्यक्रम संयोजक : १ जना

जिल्ला संयोजक : ७ जना (प्रत्येक जिल्लामा एक( एक जना रहनेगरी)

Field Activist : ७ जना

वित्तिय सहायक : १ जना (केन्द्रीय कार्यालयमा रहनेगरी)

परियोजनाको पहिलो बर्षका प्रभावहरु:

- परियोजना सञ्चालन भएका गाविस तथा नगरपालिकामा योजना तर्जुमा बालबालिकाहरुको सहभागितामा अभिबृद्धि भएको ।
- जिल्ला तहमा हुने बालअधिकार तथा मानवअधिकार हनन् र उल्लंघनका घटनाहरुको फिल्ड कार्यालयहरुमा निवेदन आउने र अभिलेखिकरण हुने गरको ।
- परियोजना सञ्चालन भएका पाँचथरका सबै विद्यालयहरु "विद्यालय शान्ति क्षेत्र घोषणा" भएको र अन्य जिल्लाहरुका बाँकी विद्यालयहरुको हकमा

समेत शान्ति क्षेत्र घोषणाको लागि आवश्यक छलफल, अन्तरक्रियाहरु भईरहेको ।

- एउटै विद्यालयमा विभिन्न परियोजनाअन्तर्गतका फरक-फरक बालक्लब हुने गरेकोमा उक्त दोहोरोपना परियोजनाको सञ्चालनसँग सम्बन्धित विद्यालयहरुमा हटेको छ ।
- परियोजनालाई जिल्लाका सबै गाविस/नगरपालिकाहरुमा विस्तार गर्नका लागि सरोकारवालाहरुबाट अनुरोध गरिएको ।
- स्थानीय निकायको योजना तर्जुमा तथा बालबालिकासम्बन्धी क्रियाकलापहरुको सञ्चालनमा बालबालिकाहरुको प्रत्यक्ष रुपमा पहुँच अभिबृद्धि भएको ।
- बालक्बलहरुले गर्ने गरेको अतिरिक्त क्रियाकलापहरुको नियमित प्रतिवेदन लेख्ने र अभिलेखिकरण गर्ने गरिएको ।
- अन्य जिल्लाबाट समेत बालअधिकार तथा शान्ति शिक्षा परियोजनाको माग निरन्तर बढ्दो रुपमा आएको (रेडियो कार्यक्रमको प्रशारणमार्फत् परियोजनाबारे जानकारी पाएकाहरुबाट)
- परियोजना र क्रियाकलापहरुको योगदानप्रति सरोकारवालाहरुको सकारात्मक प्रतिकृया रहेको ।
- बालक्लबको गठन, पुनर्गठनमा लोकतान्त्रिक अभ्यास हुने गरेको (झापाको मेचीनगरस्थित कविशिरोमणी उच्च मा.वि.को अनुभवबाट)
- विभिन्न विद्यालयहरुमा नियमित रुपमा बाल भित्तेपत्रिका प्रकाशन हुन थालेको ।

सारांशमा बालमैत्री शिक्षा प्रणालीको संस्कार, हिंसामुक्त विद्यालयको अवधारणा, विद्यालय शान्ति क्षेत्रको कार्यान्वयन र अधिकारको प्रयोगमार्फत् शान्ति निर्माणका लागि सहभागिता अभिबृद्धि गर्ने उद्देश्यकासाथ यो परियोजना सञ्चालित छ । परियोजना लैङ्गिक तथा सामाजिक मूलप्रवाहीकरण र द्वन्द्व संवेदनशीलतालाई पृथक सूचकहरु राखेर निर्माण गरिएको छ भने अधिकारको व्यवहारिक प्रयोगका लागि शान्ति शिक्षाको अवधारणा कार्यक्रमको नवीवनतम् बिषयवस्तु हो । बालबालिकाहरुको नेतृत्व विकास गर्दै द्वन्द्व संवेदनशील क्रियाकलापहरुको प्रयोगको सन्दर्भमा क्षमता अभिबृद्धि गर्ने र स्थानीय तहमा समाधान हुनसक्ने बिषयहरुका बारेमा सरोकारवालाहरुमार्फत् कार्ययोजना निर्माण गर्दै दिगो विकासमा सघाऊ पुऱ्याउने कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष हो ।

## गजल

अविरल खालिङ्ग राई

उम्कनै नसक्ने दाश भो जिन्दागी
भिरको टुप्पाको घाँस भो जिन्दागी ।

हिड्दा हिड्दै जीन्दागीको गोरेटोमा
खानु न पिउनुको बास भो जिन्दगी ।

नसोचि अघि बड्दा गन्तव्यमा
जोसुकैको आतमा पर्ने तास भो जिन्दागी ।

रमाउदै अघी बड्छु, चड्छु भन्दा पनि
बेमौसममा छरेको मास भो जिन्दागी ।

जीवनमा हजारौं हण्डर ठक्कर खाँदा
आखिरीमा जिउँदो लास भो जिन्दागी ।

कक्षा-९ सरस्वती उ.मा.वि. लक्ष्मीपुर, इलाम

## बुद्धको बाटो

टीका लिम्बु

देशलाई मोड्नुपर्छ
कुसस्कारलाई तोड्नुपर्छ

शान्तिप्रिय हामी
नेपाली बुद्धको बाटो रोज्नुपर्छ
देश सबैको साझा हो
काटमाको काम छोड्नुपर्छ

नबगाउ रगतकोभेल
गम्भीर भै सोच्नुपर्छ

शान्तिप्रिय हामी
नेपाली बुद्धको बाटो रोज्नुपर्छ.......... २

कक्षा-७ सरस्वती उ.मा.वि. लक्ष्मीपुर, इलाम

# शान्ति शिक्षाको अवधारणा

**योगराज सापकोटा**
मानवअधिकार मञ्च नेपाल, इलाम



**आवरण**

शिक्षा समाज विकासको महत्वपूर्ण अङ्ग हो । शिक्षा भन्नाले मानव जीवनयापनका लागि आवश्यक ज्ञान सीप हासिल गर्ने पद्धति हो । यसले समृद्ध र समतामूलक समाज निर्माणका लागि काम गर्दछ । शिक्षाले व्यक्तिमा रहेको प्रतिभा र क्षमताको उजागर गर्ने तथा ती प्रतिभा र क्षमतालाई समाजमा प्रयोग गर्दै समाजलाई अझ विकास गर्ने काम गर्दछ र गर्नु पर्दछ । शिक्षा व्यक्तिलाई शिक्षा दिएर असफल बनाउने होइन असफलहरुको समस्याको समाधान गर्दै व्यक्तिलाई सफल बनाउने पद्धति वा विधि हो । यसैले शिक्षा निश्चित कोठाभित्र, निश्चित विषयवस्तुमा मात्र रहँदैन, यो सर्बव्यापी छ । हरेक व्यक्ति प्रत्येक मिनेटमा नयाँ सोँच, नयाँ प्रयोग र नयाँ सिकाई गरिरहेको हुन्छ ।



शिक्षालाई सम्पूर्ण विकासको केन्द्रविन्दुको रुपमा विश्वजगतले स्वीकार गरिसकेपछि विश्व शिक्षा अभियानका रुपमा शिक्षा केन्द्रित भएको छ । यसैगरी विश्वभर प्रचलित शिक्षा नीतिहरुमा पनि परिवर्तनको सुरुवात भइरहेको छ । जसले गर्दा परंपरागत शिक्षा प्रणाली र त्यसले ल्याएको विकारहरुलाई भावी दिनमा दोहोरिन नदिन नयाँ शिक्षा नीतिहरुको विकास भइरहेको अवस्था छ ।

## परम्परागत शिक्षा प्रणाली:

शिक्षकलाई नै प्रमुख मानेर सञ्चालित, औपचारिक शिक्षा प्रणालीलाई अहिलेको हकमा परंम्परागत शिक्षा प्रणाली भनिन्छ । परंम्परागत शिक्षा प्रणाली अहिले पनि अभ्यासमा छ । यो शिक्षा प्रणालीमा विभेद, व्यक्ति केन्द्रित र औपचारिकताका लागि शिक्षाको विकास भइरहेको छ । जसले गर्दा शिक्षाका कारण ज्ञानको बृद्धि र जीवनमा थप सफलता हुनुको सट्टामा असफलहरुको जमात थप्ने काम नै बढ्दो छ । व्याख्यान विधि, अभ्यासमूलक सिकाइको कम प्रयोग, व्यवहारिक शिक्षामा भन्दा पनि प्रमाण पत्र केन्द्रित शिक्षाको अभ्यास धेरै भएको अवस्था छ ।

## k/Dk/fut lzIff k0ffnLsf ljziftf

*एकोहोरो मान्यता:* शिक्षक सबैकुरा जान्ने व्यक्ति हो । शिक्षक नै ज्ञानी हो । ज्ञानको श्रोत हो । विद्यार्थी

अज्ञानी हुन्छन् । शिक्षक दाता हो र विद्यार्थी प्राप्तकर्ता हुन । शिक्षकले मात्र सिकाउँदछन् र विद्यार्थीले सिक्नु पर्दछ ।

***विभेदः*** जान्ने विद्यार्थी नै असल हो, नजान्ने कमसल हो । शिक्षक ठूलो हो त्यसैले सबैले उसलाई सम्मान गर्नु पर्दछ । विद्यार्थी सानो हो, उसलाई आदर गरिरहनु जरुरी छैन ।

***सिर्जनाभन्दा व्याख्यामा जोडः*** परम्परागत शिक्षा प्रणालीले स्व-सिर्जनालाई महत्व दिँदैन र यसले विषयवस्तुको व्याख्या, रटान र लेखनलाई प्रमुख मान्दछ । नयाँ कुराको सृर्जना गर्नुभन्दा गुरुको बोलीलाई प्रमुख मानिन्छ । यसर्थ सिर्जनाका लागि सबैलाई उत्प्रेरणा दिनुको साटो कडा अनुशासनका नियमहरुलाई प्राथमिकता दिइन्छ । जसले गर्दा विद्यार्थीले गुरुले भनेको एकोहोरो सुनोस् र गुरुको आज्ञाकारी बनोस् । स्व-विवेकले उ हलचल गर्‍यो भने अपराध ठहरिन्छ र दण्डित हुन्छ ।

***शासक र सासितः*** शिक्षाले समानता दिनुको सट्टा धेरै पढ्ने अथवा गुरुहरु शासक हुन् र उनीहरुले विद्यार्थीमाथि शासन गर्दछन् भन्ने मान्यता छ र यो विधि सम्मत ठहरिन्छ । यसले गर्दा धेरै पढ्नु भनेको कम पढ्ने र सानाहरुलाई हेप्नु, शासन गर्नु, दण्डित गर्ने अधिकार पाउनु भन्ने मानसिकता परम्परागत शिक्षाको मुख्य पक्ष हो । जसले शिक्षाले सबैको सम्मान गर्दछ भन्ने वाक्यलाई आदर्शको रुपमा मात्रै राख्दछ र व्यवहारमा विभेद गर्दछ ।

***बौद्धिक अहंकार र श्रमप्रति विभेदः*** धेरै पढ्नु या ज्ञान लिनु भनेको सबैलाई शासन गर्न सक्ने हुनु र सबैले उनीहरुलाई मान्नु पर्दछ भन्ने धारणाका कारण शिक्षितहरुमा अहंकारको विकास हुने, कम शिक्षितहरुलाई घृणा गर्ने, कक्षामा राम्रो पढ्ने विद्यार्थीलाई मात्र असल देख्ने, आफुमात्र जान्ने अरु सबै नजान्ने भन्ने विचारको विकास हुन्छ । यसैगरी, पढेको मान्छेले कृषि र अन्य क्षेत्रमा काम गर्नु हुन्न, भारी बोक्नु हुन्न भन्ने जस्ता श्रमप्रति विभेद र तुच्छ भावना पैदा हुने विभेदकारी विचारको सिर्जना हुन्छ । जसले गर्दा शिक्षा लिएपछि अरुको नोकरी गर्नु नै सर्वस्व सम्झने दास मनोवृतिको विकास हुने हुँदा स्वाबलम्बिता शुन्य हुने र वेरोजगारी समस्याको वृद्धि गराउने काम पनि परंम्परागत शिक्षा प्रणालीको विकारजन्य विशेषता हो ।

***अवसरमा असमानताः*** अधिकारको सुनिश्चितता लेखनिमा भएपनि व्यवहारमा असमान अवसर हुने । एकोहोरो शिक्षक केन्द्रित क्रियाकलापहरु र पाठ्क्रमको ढाँचा भित्रै अडिनु पर्ने बाध्यताले गर्दा विषयवस्तु र व्यवहारमा असमानता कायम नै छ । जस्तै सबै विद्यार्थीले कक्षामा नेताको भूमिका निर्वाह गर्न पाउने अधिकार भएपनि कक्षाको क्याप्टेन वा मनिटर एक वा दुई जनाले मात्र पाउँदछन् । त्यसैगरी सबैको विचारको निचोडलाई समस्याको समाधान मान्ने परम्पराको प्रयोग शुन्य छ । जसको सट्टा विषय शिक्षकले लेखिदिएको अथवा भनिदिएको उत्तर नै उत्कृष्ठ उत्तर हुने र विद्यार्थीले त्यहि पढ्नुपर्ने बाध्यता छ । अरुले दिएको परिभाषालाई कण्ठस्थ पार्नु नै धारणा सिकाइको मुख्य मान्यता छ ।

***कोरा ज्ञानमा आधारित शिक्षाः*** घोकेको वा कण्ठ पारेको उत्तरका आधारमा परीक्षा दिने र परीक्षा मार्फत् पास भएका व्यक्तिहरुलाई योग्य ठान्ने प्रवृत्तिका कारण व्यवहारिक सीपको सिकाई शुन्य हुने । यसले गर्दा योग्यता हासिल गरेको व्यक्ति व्यवहारिक रुपमा असक्षम हुने हुन्छ । जस्तै 'पृथ्वीले सूर्यलाई परिक्रमा गर्दछ' भन्ने वाक्य लेखेबापत उसले अंक पाउँदछ तर कसरी गर्दछ, कहाँ बाट देखिन्छ जस्ता प्रश्नहरुमा न उसले खोजी गरिरहनु पर्दछ न अनुभुति नै गर्दछ । अभ्यास र व्यवहारीक प्रयोग विना नै योग्यता पाउने र योग्यतालाई नै ज्ञान मापनको आधार मान्ने प्रवृत्ति परम्परागत शिक्षा पद्धतिमा छ ।

***शिक्षालय न्यायालयको रुपमा:*** व्यक्तिको भविष्य सफल र असफलको फैसला गर्ने, दण्ड र पुरस्कारको प्रयोग गर्ने स्थानको रुपमा शिक्षालयहरु र शिक्षा प्रणालीलाई लिइन्छ। यसले गर्दा हरेक व्यक्तिको वार्षिक परिश्रमका कि सफल कि असफल व्यक्ति भनेर मापन गर्न प्रयोग भएको जस्तो देखिन्छ। नयाँ सीपबाट थप ज्ञान लिएर थप सफल हुने कुरा भन्दा फरक आफ्नो लगानी र मेहनतको प्रतिफल अरु कसैले नापी दिने प्रणाली हो परम्परागत शिक्षा प्रणाली।

## शान्ति शिक्षा:

परम्परागत शिक्षा प्रणालीले विभेद र अहंकारलाई बढाइरहेको ठहर पश्चात् शिक्षा असल काम गर्न, समस्याको समाधान गर्न र व्यक्तिको सफलताका लागि हुनुपर्दछ भन्ने बहसहरुको शुरुवात भयो। शिक्षा शान्तिपूर्ण जीवन यापनको अभिन्न अङ्ग बन्नुपर्दछ। सम्पूर्ण विकासको केन्द्र विन्दु नै मानव चेतनाको विकास हो। यदि मानव सचेत भयो भने अन्य क्षेत्रको विकास ऊ आफैँले गर्दछ भन्ने अवधारणा विश्व जगतमा आयो। जसको फलस्वरुप सन् १९९० पछाडि सबैका लागि अनिवार्य शिक्षाको अभियान शुरुवात भयो। यो अभियान सँगै शिक्षा शान्तिका लागि हुनुपर्दछ र शिक्षालय शान्तिपूर्ण हुनुपर्दछ भन्ने कुरालाई सबैतिरबाट प्राथमिकता दिइयो। यसरी शान्ति शिक्षाको अभियानका लागि यसका विभिन्न पक्षहरुलाई सुनिश्चितताका प्रयासहरु भए।

## zflGt lzIffsf ljziftfM

1. ***सहभागिता मूलक सिकाई:*** परंम्परागत शिक्षामा जस्तो शिक्षक केन्द्रित शिक्षण सिकाई क्रियाकलाप नभएर, सबै विद्यार्थी शिक्षक एवं अन्य विभिन्न व्यक्तिहरुबीच छलफल, विचारको आदान-प्रदानबाट साझा विचारको उत्पादन गर्ने र शिक्षक विषयवस्तुको व्याख्याता नभएर सहजकर्ताको रुपमा सिक्ने र सिकाउने र सबैकाबीच सबैले सिक्ने र सिकाउने वातावरण भएको कक्षाको अवधारणा हो यो। हरेक व्यक्ति ज्ञानका श्रोतहरु हुन् भन्ने शान्ति शिक्षाका मुख्य मन्त्र हो। जस्तै लिम्बू जातिको शिक्षकले तामाङ्गको संस्कृतिको व्याख्या गर्दा वास्तविक सिकाई नहुन सक्दछ, त्यसको सट्टामा कक्षामा भएका तामाङ्ग विद्यार्थीलाई आफ्नो संस्कृतिको बारेमा भन्न लगाउने हो भने शिक्षकले पनि नयाँ कुरा लिन सक्दछन्। यसैगरी सिकाइ वा शिक्षा कक्षा कोठामा बसेर मात्रै लिने नभएर जीवन भर व्यक्ति, परिवार, समाज र प्रकृतिबाट पनि लिइन्छ। अनि हामीबाट पनि अरुले शिक्षा लिइरहेको हुन्छ।
2. ***व्यवहारबाट सिकाइ:*** परंम्परागत शिक्षा प्रणालीमा आदर्शबाट सिकाई सुरु गरिन्छ। जस्तै अर्कालाई अनादर गर्नु हुँदैन। तर शिक्षकले विद्यार्थीलाई आदर गरेर बोलाउने काम ज्यादै कम हुन्छ। यसर्थ ठूलाले सानोलाई अनादर गर्ने व्यवहार विद्यार्थीले शिक्षकबाटै सिक्दछ र गुरुले भनेको भन्दा गरेको कुरा छिटो ग्रहण गर्दछ। यसकारण शिक्षकले पहिले आफुलाई नमूनाको रुपमा प्रस्तुत गर्ने सिकाइ शान्ति शिक्षाको अर्को विशेषता हो।
3. ***नेतृत्वको हस्तान्तरण र वहु नेतृत्व प्रणाली:*** प्राय गरेर विद्यालयका सबै क्रियाकलापहरुमा शिक्षकहरुले निर्णय गर्ने र विद्यार्थीहरुले सुन्ने मात्र काम हुन्छ तर त्यसको सट्टामा विद्यार्थीहरुलाई नै क्रियाकलापहरुको निर्माण, सञ्चालन गर्न अभिप्रेरित गर्ने र शिक्षकहरुले उनीहरुको सल्लाहकारका रुपमा सहयोग गर्ने गर्दा बालबालिकाको नेतृत्व विकासमा सहयोग हुन्छ। कक्षामा पनि विभिन्न समूह, जस्तै फूटबल समूह, साहित्यिक समूह, स्वास्थ्य समूह जस्ता विभिन्न समूहहरु बनाई त्यसमा फरक(फरक विद्याार्थीलाई जिम्मेवारी दिने र उनीहरुलाई

नेतृत्वको अनुभूत गराउने काम गर्न सकिन्छ ।

४. ***सामूहिक भावना र समुहकार्यमा जोडः*** समूह निर्माण, साझा निर्णय, सामाजिक भावना र सबैलाई सहयोगका लागि साझा सिकाई, साझा अभ्यास र समूहमा रहेर गर्ने खालका क्रियाकलापहरुले सामाजिक सामञ्जश्यता र एकताको भावनाको विकास गर्दछ । यसर्थ शान्ति शिक्षाको एउटा महत्वपूर्ण पक्ष भनेको समूह कार्य र साझा भावनाको विकास गर्नु हो ।

५. ***सहयोग र समानुभुतिः*** पीडा र समस्यामा परेका व्यक्तिहरुको पीडामा हाँस्नुको सट्टा यदि यहि समस्या मलाई परेको भए के हुन्थ्यो होला भनेर सोच्ने, अरुको पीडा आफ्नै जस्तो गरी अनुभुत गर्ने र त्यस्तो समस्या समाधान गर्न के गर्नु पर्दछ भनेर समाधानका लागि छलफल गर्ने, सहयोग गर्ने जस्ता क्रियाकलापहरुको विकास गर्नुपर्दछ । यसले गर्दा पीडामा परेका साथीहरुलाई पनि एक्लो, निरिह र दुर्वल छु भन्ने हिन भावनाबाट जोगाउँदछ र समस्या समाधानका लागि सक्रिय बन्दछ ।

६. ***अहिंसात्मक व्यवहारः*** विचार नमिल्ने वित्तिकै आक्रोशित हुने, आक्रमण गर्ने, झगडा गर्ने गर्नाले हिंसात्मक द्वन्द्व झन् चर्कने हुन्छ भने साथी( साथीबीचको सम्बन्ध बिग्रन्छ । यसैगरी विद्यार्थीको कमजोरीलाई नराम्रा शब्दहरुले गाली गर्ने, व्यक्तित्वको अपमान गर्ने, उसको आत्म सम्मानमा चोट पुग्ने गरी बोली वा व्यवहार गर्ने, शारीरिक यातना दिने जस्ता क्रियाकलापले हिंसाको उपचार हिंसा भन्ने गलत सन्देश छर्दछ र व्यक्तित्व विकासमा असर गर्दछ । त्यसैगरी शिक्षाले जान्नेमा अहंकार र नजान्ने प्रति हेला गर्न सिकाउँदछ भन्ने गलत छाप बाल मानसिकतामा पर्न जान्छ । यस्ता व्यवहारहरुको सट्टामा अहिंसात्मक व्यवहारहरु गर्ने जस्तैः झगडा गरिरहेका विद्यार्थीहरुलाई एक ठाउँमा राख्ने उनीहरु बीचको झगडा किन भयो ? उनीहरु के के चाहन्थे ? के को अभावमा उनीहरु हिंसामा उत्रनु पर्‍यो ? र उनीहरुको खास आवश्यकता के हो ? जस्ता कुराहरु खोज्ने । वार्ता, छलफल, सकारात्मक बोली, सम्मान र सचेतनाका माध्यमहरुद्वारा त्यस्ता समस्याहरुलाई समाधान गर्ने पद्धतिलाई शान्ति शिक्षाले प्राथमिकता दिएको छ ।

७. ***व्यक्तिको सम्मानः*** हरेक व्यक्ति आफुलाई समाजमा राम्रो र असल नागरिक भएको देख्न चाहन्छ । त्यसका लागि उसले समाजप्रति राम्रा कामहरु गर्ने इच्छा गर्दछ र त्यसका लागि अवसरहरुको खोजी गर्दछ । यसरी अवसरहरुको खोजी गर्दा कोही कसैबाट उसलाई उचित सम्मान र सहयोग भएन भने ऊ हिंसात्मक हुने, प्रतिशोधको भावना राख्ने, रिसाउने र नकारात्मक र हानी पुर्‍याउने काम गर्न थाल्दछ । जसरी हामीलाई कसैले अपशब्द प्रयोग गर्दा हाम्रो मन दुख्दछ, आत्म सम्मानमा चोट पुग्दछ, त्यसरी नै हामीले अरुलाई गर्ने व्यवहारले पनि उनीहरुको आत्म सम्मानमा चोट पुग्दछ । यसर्थ शिक्षाले सबैलाई समान र सम्मान व्यवहार गर्दछ । कुनैपनि व्यक्ति जात, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, पेशा व्यवसाय वा आर्थिक अवस्थाका आधारमा सानो र ठूलो हुँदैन । सबै मानिसहरु जन्मँदै स्वतन्त्र र सम्मानपूर्वक बाँच्न पाउने अधिकार लिएर आएका हुन्छन् । त्यसैले उनीहरुका अधिकारहरुको सम्मान र संरक्षण गर्न सहयोग गर्नु पर्दछ । शिक्षित व्यक्तिले अहङ्कारी होइन विनयशील भएर सबैलाई सहयोग गर्दछन् ।

८. ***जिम्बेवारी बहन र कर्तव्यवोधः*** अधिकारको प्रयोग गर्नका लागि हरेक व्यक्ति आफ्नो अधिकारको सुनिश्चिततामा जोड दिन्छन् । तर हामीले आफ्ना

अधिकारहरुको प्रयोग गर्दा कतै हामी जस्तै अरु व्यक्ति वा समुदायका अधिकारहरुमा असर र त पुऱ्याएनौं भनेर एकपटक ध्यान दिनु पर्दछ । हरेक अधिकारको उपयोग गर्न आफ्ना कर्तव्य र जिम्बेवारीहरुलाई पूर्णरुपले पालना गर्नु पर्दछ । यसर्थ शान्ति शिक्षामा पहिला कर्तव्यको पालना गर्ने, जिम्बेवारी बहन गर्ने, प्रचलित कानून र नियमहरुको पालना गर्ने, र त्यस भित्र आफ्ना अधिकारहरुलाई प्रयोग र अरुका अधिकारहरुको सम्मान गर्ने कुरालाई प्राथमिकता दिइन्छ । यसले गर्दा विधिको शासन र अधिकारको प्रत्याभूतिमा सहजता हुन्छ र अधिकारको प्रयोग गर्दा उत्पन्न हुनसक्ने द्वन्द्व आफैं न्यूनिकरण भएर जान्छ ।

*९. शिक्षालय समस्या समाधानको थलो:* विद्यालय कति जना सफल र कति जना असफल भनेर फैसला गर्ने, ठीक र बेठीक छुट्याएर व्यक्ति व्यक्तिबीच विभेद गर्ने थलोको रुपमा परंम्परागत शिक्षा प्रणालीमा प्रयोग भयो । जसले गर्दा धेरै विद्यार्थीहरुको आत्म सम्मानमा असर पुग्यो र उनीहरु त्यस्तो स्थान जानु भन्दा नपढ्नु नै जाती भन्दै विद्यालय छोड्ने अवस्था अहिले पनि हामीकहाँ छ । यसर्थ शान्ति शिक्षाले व्यक्तिलाई जान्ने र नजान्नेको दुई कित्तामा राख्ने भन्दापनि आफ्ना समस्याहरु राखेर सबै मिलेर समाधान खोज्ने थलोको रुपमा शिक्षालय, कक्षा कोठाको विकास गर्नुपर्दछ भन्ने कुरामा प्राथमिकता दिन्छ ।

## गरीबको दिन आएन



**नवराज शंकर**
इलाम

विगत केही बर्षदेखि मलाई
निन्द्रा लाग्दै लाग्दैन
दुनियाँ जाग्दै-जाग्दैन ।
सायद अहिले
ब्यूँझिएकाहरुमाथि
मस्त निन्द्रमा परेकाहरु,
अनि निदाएको नक्कल गर्नेहरु हावी भएर होला-
एकातिर,
क्यालेण्डरमा
जेष्ठ १४ त सँधै आयो
तर देशले संविधान पाएन,
भदौ १४ पनि आयो
तर शान्ति र संविधानले पनि गति पाएन ।
अर्कातिर,
सबैले शान्तिको सास फेर्न पाएनन्
पीडितले राहत पाएनन्
अछूतले मुक्ति पाएनन्
महिला, मधेसी, अपाङ्ग, जनजाती
अनि बालबालिका र अल्पसंख्यकले
न्याय, समानता र मानव अधिकारको प्रत्याभूति
पाएनन् ।
पाए त केवल-
दण्डहिनता, अराजकता, भ्रष्टचार, अस्थिरता र
मूल्यबृद्धि ।
ज्यानको बाजी थापेर,
गणतन्त्र त ल्याइयो
तर गरीबको दिन आएन
रित्तो भाँडोमा अन्नको दानो परेन
खाली पेट आज पनि भरिएन
आज फेरी मलाई निन्द्रा परेन ।

# विद्यार्थी, अनुशासन र यातना

खेमराज आचार्य, संरक्षक शिक्षक
सरस्वती उच्च मा.वि., लक्ष्मीपुर

प्रचलित नियम, कानुन, मुल्य वा मान्यता अनुरुपको व्यवहारको प्रदर्शन गर्नुलाई अनुसासन भनिन्छ। समाजको विकास सगँसगै सामाजिक नियमहरुको पनि बिकास भएको हुन्छ। समग्रमा भन्दा अनुसानलाई नैतिक बिकासको आधार मान्न सिकिन्छ। विद्यालय पनि समाजको एउटा अंग हो र यसले पनि समाजका जस्तै निस्चित मुल्य र मान्यताहरु बिकास गरेको हुन्छ। वालवालिकाहरुमा असल बानी व्यवहार र आचरणको विकास गराउन विद्यालयमा सिकाई र अनुसासनलाई सँगसगै लान खोजिएको हो। समयामा विद्यालयमा उपस्थित हुनुपर्ने, तोकिएको पोशाक लगाएर मात्र विद्यालयमा उपस्थित हुनुपर्ने आदि विद्यार्थीहरुले पालना गर्नुपर्ने अनुसासनहरु हुन्।
विद्यार्थीहरुलाई अनुसासित बनउने नाममा गाली गर्ने, हिर्काउने अनावश्यक दवाव सिर्जन गर्ने जस्ता अमानवीय कार्यलाई यातना भनिन्छ। विद्यालय शिक्षामा दवावमुलक ढगंले नैतिक विकास गराउन यस्ता यातनाहरु दिने गरिन्छ। CIWIN 2003 को प्रतिबेदनले नेपालमा वालवालिकाहरुलाई ४८ प्रकारका यातनाहरु विद्यालयमा दिइने गरेको कुरा सार्वजनिक गरेको छ। त्यसैगरी अफगानस्थानमा ८२ प्रतिशत पाकिस्तानमा ४० प्रतिशत र क्यामरुनमा ९८ प्रतिशत बालबालिकाहरु विद्यालयमा शिक्षकहरबाट यातनाको शिकार बन्दछन्। यातनाको सम्बन्धमा सिरियाको एक ११ बर्षे बालकले व्यक्त गरेको विचारलाई यहाँ उल्लेद गर्न सान्दार्भिक ठानिएको छ। I cannot understand why my teacher and my parents abuse me. My father has asked my teacher to punish me hard if I don't behave he says. It is part of good education; I don't think so.
वालवालिकाहरुलाई दिइने यातनालाई शारिरीक यातना, मनोवैज्ञानीक यातना र यौन शोषण गरी तीन भागमा बिभाजन गर्न सकिन्छ। उल्लेखित यातनाहरु मध्ये मनोवैज्ञानिक यातना र यौनशोषणलाई अति गम्भिर प्रकृतिको यातना मानिन्छ। नेपालकलो सन्दर्भमा हेर्ने हो भने धेरै वालवालिकाहरु यस्ता तीनै प्रकृतिका यातनाका शिकार भएका छन्। २०५९ सालको पोखराको एउटा बोडिङ्ग स्कुलमा शौचालयमा थुनेको घटना होस वा काठमाण्डौको २०६२ सालको ६ वर्षीया वालिका अनुस्का ढुँगानाको यातनापछिको मृत्यु होस वा हालसालै पर्सा जिल्लामा ६ वर्षे नावालिकामाथी भएको बलात्कारको घटनाले तपाई हामी सबैको जीउ जिरीङ्ग हुन्छ।
अन्त्यमा विलवालिकाहरु संसारका सबैभन्दा कमजोर (Vernerable) समुहमा पर्दछन्। यिनीहरुलाई अनुसाशित बनाउने नाममा यातना दिनुको साटो माया, स्नेह र सम्मा खिन सकिदैन र ?

## तीन जना गफाडी

राजिप श्रेष्ठ

एकादेशमा तिनजना गफाडिहरु एकै ठाउमा भेला भएका हुन्छन् र सुरुको गफाडिले भन्छ :
मेरो बुबा त दश तलामाथि बाट हामफालेर बाइकमा चडेर जानुहुन्छ। त्यस्तै दोस्रो गफाडिले भन्छ, मेरो बुबा त बिस तला माथि बाट हाम फालेर ट्याक्सिमा चढेर जानुहुन्छ, अनि तेस्रो गफाडिलाई चाहि के भन्नु के भन्नु हुन्छ र भन्छ मेरो बुबाले त पचास तलामाथि बाट हाम फालेर भुडि फुटेको छ, अनि कुखुराको भुँडि लाउनु भएको छ र दिनदिनै अन्डा दिनुहुन्छ।

हा....हा....हा....हा....हा.... ।

*श्री सिंहबाहिनि उमावि तेह्रथुम (कक्षा-९)*

# बालअधिकार तथा शान्ति शिक्षा अभियान परियोजना

## परियोजना संचालन बारेको संक्षिप्त जानकारी

| क्र.सं. | जिल्ला | गाविस/न.पा. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | संरक्षक शिक्षकको नाम | बालक्लबको अध्यक्षको नाम |
|---|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ्ग | लिम्खिम | श्री सिवा उच्च मा.वि. | सुकदेव भट्टराई | दिपेन्द्र खतिवडा | निलम कार्की |
| | | खोक्लिङ्ग | श्री मोती उच्च मा.वि. | लक्ष्मीप्रसाद खतिवडा | भरेन्द्रप्रसाद थापा | रितु नाल्बो |
| | | चाँगे | श्री चाँगे उच्च मा.वि. | गणेशप्रसाद आङबोहाङ्ग | दुर्गाप्रसाद निरौला | सञ्जिबल आङबोहाङ्ग |
| | | थेचम्बु | श्री थेचम्बु उच्च मा.वि. | पदम लिम्बु | पदमराज भट्टराई | तारा इजम |
| | | नाङखोल्याङ्ग | श्री कालिका उच्च मा.वि. | घनेन्द्रप्रसाद आचार्य | टिकादेवी बराल | भावना घिमिरे |
| २. | पाँचथर | पौवासारताप | श्री जलसिंह मा.वि. | थिरबहादुर पौडेल | रितुकान्त खनाल | धिरेन परियार |
| | | फाक्तेप | श्री घुर्बिसे पञ्चमी उच्च मा.वि | ठाकुरसिंह लिम्बु | सुरेन्द्रप्रसाद लामिछाने | उज्वल निरौला |
| | | फिदिम न.पा. | श्री गढी मा.वि. | मानध्वज थाम्सुहाङ्ग | राजकुमार योक्पाङदेन | मनिषा खत्री |
| | | यासोक | श्री पृथ्वी उच्च मा.वि. | चन्द्रप्रसाद निरौला | ओमप्रकार निरौला | नवीन सम्बाहाम्फे |
| | | रानीटार | श्री रानीटार उच्च मा.वि. | सुर्यप्रसाद अधिकारी | सुर्यज्योति नेम्बाङ्ग | सञ्जोग राई |
| ३. | इलाम | धुसेनी | श्री भगवती उच्च मा.वि. | पुष्पलाल चौलागाईं | नेत्र ढुङ्गेल | भरत कार्की |
| | | सुम्बेक | श्री सुम्बेक मा.वि. | नरेशकुमार राई | तारानाथ निरौला | डिकुरा कठेत |
| | | लक्ष्मीपुर | श्री सरस्वती उच्च मा.वि. | राजेन्द्रप्रसाद अधिकारी | खेमराज आचार्य | अनोज आचार्य |
| | | सोयाक | श्री बालकन्या मा.वि. | अमिरमान तामाङ्ग | नरेन्द्रप्रसाद आचार्य | बिनोद ढकाल |
| | | नयाँबजार | श्री अमर कल्याण उच्च मा.वि. | गणेशप्रसाद आचार्य | सन्तवीर गुरुङ्ग | कञ्चन दहाल |
| | | गोर्खे | श्री सिंहदेवी मा.वि. | अमृतकुमार पाण्डे | सकिला राई | लक्ष्मी खड्का |
| | | श्रीअन्तु | श्री जनक उच्च मा.वि. | युवराज पोखेल | बेनुप खनाल | दीक्षित गिरी |
| | | माइमझुवा | श्री श्याम्बल मा.वि. | लेखराज राई | रेखराज पोखेल | केवल राई |
| | | इभाङ्ग | श्री इभाङ्ग मा.वि. | राम जोशी | युवराज बस्नेत | मनिता राई |
| | | महमाई | श्री लक्ष्मीआदर्श मा.वि. | दिलबहादुर बस्नेत | रुद्रबहादुर मगर | सुजन मगर |
| ४. | झापा | बाहुनडाँगी | श्री मेची जनसाधारण उच्च मा.वि. | मुक्ति चापागाईं | पुष्कर ढकाल | भाष्कर रिजाल |
| | | बुधबारे | श्री बुद्ध आदर्श उच्च मा.वि. | धनबहादुर श्रेष्ठ | हेमेन्द्र खतिवडा | मिलन रसाइली |
| | | धाइजन | श्री सरस्वती बालकल्याण मा.वि. | महेन्द्र पराजुली | नारायणप्रसाद खरेल | मनिका सुब्बा |
| | | शान्तिनगर | श्री गणेश मा.वि. | आनन्द कोइराला | रविन्द्र मैनाली | अविनाश योङहाङ्ग |
| | | दुहागढी | श्री शहिद दशरथचन्द उच्च मा.वि. | रमेश सापकोटा | डिल्लीराम भण्डारी | मञ्जु रिजाल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | धनकुटा | आँखीसल्ला | श्री ठाकुरदेवी उच्च मा.वि. | डिल्लीराम न्यौपाने | पदम भण्डारी | मनुका राई |
| | | खोकु | श्री पञ्चकृष्ण उच्च मा.वि. | शमसेरमान राई | मित्रबहादुर राई | भुमीराज राई |
| | | भेडेटार | श्री ग्रामीण जनता उच्च मा.वि. | टंक भुजेल | चन्द्रकला राई | बिमल मगर |
| | | फाक्सिब | श्री सीतादेवी मा.वि. | खेलबहादुर लिम्बु | टिकाप्रसाद पोखेल | कुमार बस्नेत |
| | | छिन्ताङ्ग | श्री छिन्ताङ्गदेवी उच्च मा.वि. | लालबहादुर राई | बिमल राई | दिब्या राई |
| ६ | तेह्रथुम | सक्रान्ति बजार | श्री कृष्ण उच्च मा.वि. | सोमनाथ गौतम | टिकाराम भण्डारी | रीता बाँस्कोटा |
| | | दाङ्पा | श्री सिंहबाहिनी मा.वि. | काजीबहादुर लिम्बु | मानकिरण सुब्बा | अनिता लिम्बु |
| | | म्याङलुङ्ग नपा. | श्री सिंहबाहिनी उच्च मा.वि. | तेजबहादुर कार्की | दिनेशप्रसाद खनाल | अर्जुन माझी |
| | | जलजले | श्री शंकर उच्च मा.वि. | भुपेन्द्र बुढाथोकी | छवि रिमाल | ममता रिमाल |
| | | सिम्ले | श्री महाकाली उच्च मा.वि. | अमरबहादुर बस्नेत | भक्तिप्रसाद काफ्ले | अनुका चम्लागाईं |
| ७ | संखुवासभा | सभापोखरी | श्री त्रिवेणी उच्च मा.वि. | गोविन्द बाराकोटी | भीमप्रसाद बाराकोटी | कुमार तामाङ्ग |
| | | चैनपुर नपा. | श्री सरस्वती मा.वि. | धनकुमार लिम्बु | पृथ्वीबहादुर कार्की | बिमला लिम्बु |
| | | जलजला | श्री जलजला मा.वि. | सुमुना श्रेष्ठ | कमलबहादुर अधिकारी | लाक्पा शेर्पा |
| | | माम्लिङ्ग | श्री रामेश्वर उच्च मा.वि. | शंकर कार्की | अजय निरौला | प्रतिमा सुवेदी |
| | | आँखीभुईं | श्री अमरुवा उच्च मा.वि. | राजकुमार खनाल | राजकुमार जिमी | सिता कुँवर |

# परियोजना अन्तर्गतका गतिविधिहरू

## कर्मचारीहरुको छनौट :

“बालअधिकार तथा शान्ति शिक्षा अभियान” परियोजनाको प्रभावकारी सञ्चालनका लागि परियोजना सञ्चालन हुने सबै जिल्लाहरुको लागि कर्मचारीहरुको छनौट गरियो । परियोजनाको कार्यक्रम संयोजक ठाकुर श्रेष्ठ रहनुभएको छ । जिल्ला संयोजकहरुमा रुद्र थेवे (इलाम), चन्द्र कालिकोटे (ताप्लेजुङ्ग), अर्पण मगर (पाँचथर), मणीकुमार लिम्बु (झापा), सावित्रा राई (धनकुटा), विन्दादेवी उप्रेती (तेह्रथुम) र कालीबहादुर लिम्बु (संखुवासभा) रहनुभएको छ । परियोजनाको कार्यक्रम अभियान्ताको रुपमा सुबाष निरौला (इलाम), शरणकुमार राई ( इलाम), सुरेश पोर्तेल (इलाम), पवित्रा गुरुङ्ग ( ताप्लेजुङ्ग), हिमा काफ्ले (पाँचथर), गायत्री थेगिम ( इलाम) र अस्मिता खवास (झापा) हुनुहुन्छ । यस्तै रेडियो कार्यक्रम “शान्तिका लागि हाम्रो अभियान” सञ्चालनको जिम्मेवारी मनुकमार बराईली र सुम्निमा रानालाई प्रदान गरिएको छ ।

## कर्मचारीहरुको अभिमुखिकरण :

योजनामा संलग्न कर्मचारीहरुलाई परियोजनाबारे




अभिमुखिकरण तालिम २०७१ भदौ १५(१८ गतेसम्म सञ्चालन भयो । कार्यक्रम इलाम सदरमुकाममा सम्पन्न भएको थियो । तालिममा परियोजनासँग सम्बन्धित बिषयबस्तुहरुबारे मानव अधिकार मञ्च नेपाल, इलामका अध्यक्ष मोहनसिंह थेवे, कार्यक्रम निर्देशक देवेन्द्र विश्वकर्मा, तालिम युनिटका शिखरनाथ सापकोटा, नवराज शंकर, योजना अनुगमन अधिकृत योगराज सापकोटा लगायतले सहजीकरण गर्नुभएको थियो ।

## सरोकारवालाहरुसँग अन्तरक्रिया :

परियोजना सञ्चालन भएका मेची अञ्चलका चाारवटा



र कोशीका तीनवटा जिल्लाहरुमा सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । जसमा राजनीतिक दलका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति, जिल्लास्थित बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाका प्रमुख एवम् प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधि, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो । सरोकारवालाहरुबीचको अन्तरक्रिया कार्यक्रम ताप्लेजुङ्ग २०७१ भदौ २९ गते, पाँचथर २०७१ असोज ३ गते, इलाम २०७१ असोज १० गते, झापा २०७१ भदौ ३१ गते, धनकुटा २०७१ असोज ६ गते, तेह्रथुम २०७१ असोज ५ गते र संखुवासभामा २०७१ असोज २ गते सम्पन्न गरिएको छ ।

## विद्यालयहरुको छनौट :

बालअधिकार तथा शान्ति शिक्षा परियोजना सञ्चालन गर्नका लागि मेची अञ्चलका २५ विद्यालयहरु र कोशी अञ्चलका १५ विद्यालयहरु (मेचीः इलाम १०, झापा ५, पाँचथर ५ र ताप्लेजुङ्ग ५, कोशीः धनकुटा ५, तेह्रथुम ५ र संखुवासभा ५) गरी जम्मा ४० विद्यालय छनौट गरियो ।

## बालक्लबहरुको अद्यावधिक, गठन र संरक्षक शिक्षहरुको छनौट :

अघिल्लो वर्ष मेची अञ्चका चार जिल्लामा गठन गरिएको २५ वटा विद्यालयका बालक्लवहरुलाई अद्यावधिक गरिएको छ । परियोजना सञ्चालन हुनेसबै (४० वटै विद्यालय) हरुमा बालक्लबको गठन गर्ने तथा संरक्षक शिक्षकको चयन गर्ने काम सम्पन्न भएको छ ।




## रेडियो कार्यक्रम सञ्चालन :

बालबालिकाहरुको प्रतिभालाई उजागर गर्दै उनीहरुले गरेका क्रियाकलापहरुलाई रेडियो मार्फत प्रसारण गर्ने, उनीहरुको र अन्य सरोकारवालाहरुको भनाइहरुलाई रेडियो कार्यक्रम मार्फत समाबेश गर्दै साथै रेडियो कार्यक्रम मार्फत बालअधिकार विषयमा जानकारी दिने, बालबालिकाहरुलाई बालअधिकारकाबारेमा सुसुचित गराउने उद्देश्यले



परियोजना सञ्चालन भएका ७ वटा जिल्लाका ८ वटा रेडियो मार्फतशान्तिका लागि हाम्रो अभियान नामक कार्यक्रम सञ्चालन भइरहेको छ ।

## पत्रकारहरुलाई फेलोसिप :

सात जिल्लाका १४ जना सक्रिय पत्रकारहरुको छनौट गरियो । उनीहरुले आफ्नो सञ्चार माध्यम मार्फत बालबालिकाको बारेमा समाचार, टिप्पणी, लेख, फिचर, अन्र्तवार्ता, घटना अध्ययन गर्न थालिसकेको छन् ।

## संरक्षक शिक्षहरुलाई अभिमुखिकरण :

मेची अञ्चलका चार जिल्लाका २५ जना बालक्लवका संरक्षक शिक्षकहरुलाई २०७१ मंसीर १५ र १६ गते अभिमुखिकरण गरिएको छ । बालक्लवको रेखदेख, बालक्लवलाई सहयोग गर्ने, विभिन्न अधिकारका विषयमा उनीहरुलाई प्रशिक्षित गर्ने उद्देश्यका साथ संरक्षक शिक्षकको तालिम राखिएको हो । तालिमको सहजीकरण जिल्ला शिक्षा अधिकारी टंक गौतम, बाल अधिकार अधिकृत सुमन अधिकारी, मानव अधिकार मञ्चका देवेन्द्र विश्वकर्मा, नवराज शंकर, योगराज सापकोटा, रुद्र थेवे, ठाकुर श्रेष्ठ लगायतले गर्नुभएको थियो ।

### बालक्लबका पदाधिकारीहरुलाई तालिम :

परियोजना अन्तर्गत मेची अञ्चलका २५ विद्यालय र कोशी अञ्चलका १५ विद्यालय  गरी ४०विद्यालयमा गठन भएको बालक्लवको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक बालक्लवका २ जनाको दरले तालिम दिइएको छ। इलाम र झापा जिल्लाका १५ वटा




बालक्लवका २ जनाका दरले जम्मा ३० जनालाई मिति २०७१ मंसीर १८ देखि २१ गतेसम्म तालिम सम्पन्न भयो । तालिममा मानवअधिकार, बालअधिकार, संयुक्त राष्ट्रसंघीय बालअधिकार, बालअधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनहरु, बालअधिकार, द्वन्द्व संवेशनशिलता, बालक्लब के हो ? काम, कर्तव्य र अधिकार, गाउँस्तरीय बाल संरक्षण समिति, स्कूल र अभिभावकसँग बालक्लबको सम्बन्ध, योजना निर्माण, वातावरणीय व्यवस्थापन, सहजीकरण सीप, शान्ति शिक्षाको अवधारणा, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान, बालमैत्री र दण्डरहित शिक्षा, बालमैत्री स्थानीय शासन कार्यविधि-२०६८ र बाल अधिकार प्रबर्द्धनमा स्थानीय निकायको भूमिका, बाल मनोविज्ञान र शिक्षा, बाल यौन दुर्व्यवहार र कानुनी पक्षहरु, परियोजनाबारे अभिमुखिकरण, प्रतिवेदन लेखन तथा अभिलेखिकरण, बैठक सञ्चालन तथा माइन्युट लेखन जस्ता विषयवस्तुहरुमा सहजीकरण गरिएको थियो । ४ दिने कार्यक्रमको सहजीकरण बीरबहादुर खड्का, नवराज शंकर, योगराज सापकोटा, जिल्ला प्रहरी कार्यालय बालबालिका सेलका कृष्णकुमारी अधिकारी, जिल्ला विकास समिति इलामका योजना अधिकृत चोलाराज पोखेल, ठाकुर श्रेष्ठ, रुद्र थेवेले गर्नुभएको थियो ।

### गाविस सचिवहरुसँग अन्तरक्रिया :

परियोजना सञ्चालन भएका जिल्लाहरुमा सम्बन्धित गाविस सचिवहरुसँग परियोजनाको सन्दर्भमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । जसमा परियोजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने सन्दर्भमा आपसी छलफल भएको थियो ।

### रचनात्मक क्रियाकलापहरु :

यसबीचमा बालक्लव तथा बालसंरक्षण तथा सम्वर्द्धन






उपसमिति समेतको आयोजनामा विभिन्न (हाजिरी जवाफ, वादविवाद, वतृत्वकला, सांस्कृतिक, साहित्यिक कार्यक्रम, भित्ते पत्रिका प्रकाशन लगायत) सम्पन्न भएका छन् ।